विद्याधनम् सर्वधनम् प्रधानम्

# SMALL HEAVEN SCHOOL
# स्मल हेभन स्कुल

Estd: 2042

Kalyanpur, Chitwan, Nepal

कल्याणपुर, चितवन, नेपाल

Dispatch No. (चलानी नं.): 02/077

Date (मिति): 2077-01-10

आदरणीय अभिभावकज्यूहरु,

कोरोना भाईरसबाट सिर्जित LOCKDOWN को यस विषम परिस्थितिले हामी सम्पूर्ण मानव जाति लाई एउटा ठुलो चुनौती दिएको छ । विश्वभर महामारीका रूपमा फैलिएको कोरोना भाईरसबाट संक्रमितको संख्या नेपालमा पनि बढ्दै गएको छ । नेपाल सरकारले गरेको बन्दाबंदी (Lockdown) को अवस्था लामो समयसम्म त नरहला तर पनि जनजीवन सामान्य हुन समय लाग्ने देखिन्छ । बन्दाबन्दिका कारण बालबालिकामा पर्नसक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न सामाजिक दुरी कायमै राखी सम्भव भएसम्का शैक्षिक गतिविधि संचालन गर्ने प्रयत्न गरिएको छ । Little Angels' Education Group (LAEG) बाट निर्देश भए अनुशार परिस्थिति सहज नहुँदासम्मका लागि स्कुलले नया शैक्षिक सत्रको अनलाइन कक्षाले बालबालिकाको प्रतिभालाई अझ तिख्खर बनाउन सहयोग पुग्ने कुरामा विश्वस्त हुँदै सदाझै अभिभावक एवम् सम्बन्धित सरोकारवालाबाट सल्लाह र सुझाउ प्राप्त हुने नै छ भन्ने विश्वासका साथ् आफ्ना बालबालिकाको पठनपाठनलाई व्यवस्थित बनाउन निम्न कार्यहरू गरिदिनुहुन विनम्र अनुरोध गरिन्छ :

१. सम्बन्धित कक्षा शिक्षक बाट संचालित WhatsApp/Viber Group मा add भई स्कुलबाट जानकारी आदान प्रदान गर्नुहुन ,
२. विद्यालयको आधिकारिक Website http://smallheavenschool.edu.np/ र आधिकारिक फेशबुक पेज https://www.facebook.com/smallheavenschool/ लाई follow गर्नुहुन,
३. बालबालिकाहरुले आफ्ना ल्यापटप वा मोबाइलमा Midas Eclass,Smaterr को Application डाउनलोड गरी स्कुलले दिएको user name र password बाट sign in गर्न सहयोग गर्नुहुन,
४. स्कुलले दिएको कक्षाअनुसारको समयतालिका (Time Table) लाई अनिबार्य रुपमा पालना गर्न आफ्ना बालबालिकाहरुलाई निर्देशन दिनुहुन .,
५. आफ्ना बालबालिकाहरुलाई शान्त र एकान्त बाताबरणमा प्रभावकारी इन्टरनेट सुविधाको व्यवस्था गरि पठनपाठनका क्रियाकलाप संचालनका लागि सहयोग गर्नुहुन,
६. बालबालिकाहरुले गर्नुपर्ने गृहकार्य गरेको / नगरेको कुरालाई उचित निगरानी गरिदिनुहुन,
७. कोरोनाका कारणबाट सिर्जित बन्दाबंदी (Lockdown) ले बालबालिकाहरुलाई परिवारसंगै बस्न र घूलमिल हुन् प्रदान गरेको अवसरलाई भरपुर सदुपयोग गर्दै घरायसी कामसम्बन्धी सिप, सहयोगको भावना, पारिवारिक संस्कार, सकारात्मकब सोच र कार्यशैली आदिका विकाश र अभिबृधिमा भूमिका निर्वाह गरिदिनुहुन,
८. धैर्य, संयम र अनुशाशीत भई कार्य गरेमा जस्तोसुकै आपतविपत र समस्यालाई पार लगाउन सकिन्छ भन्ने वास्तविकता मनन गराउन मदत गर्नुहुन,
९. स्कुलले सन्चालन गरेको कार्यकमहरुका बारेमा केहि जिज्ञासा भएमा सम्बन्धित कक्षा शिक्षक वा तह प्रमुख वा शैक्षिक संयोजक वा प्रिन्सिपललाई सम्पर्क गर्नुहुन ।

(गणेश थापा)
प्राचार्य

Tel: +977-56 -591174, 591033, 591169, 592543 | E-mail: contact@smallheaven.edu.np